

**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत ३ गते मंगलबार ❑ 17 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## विकास र समृद्धिमा सक्रिय सहभागी हुन गैरआवासीय नेपालीलाई प्रधानमन्त्रीको आह्वान

**रासस**
काठमाडौं, २ चैत

प्रधानमन्त्री सुशीला कार्कीले वैदेशिक लगानीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्ने र गैरआवासीय नेपालीहरूको पुँजीलाई सुरक्षित र पारदर्शी रूपमा परिचालन गर्ने नीति सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ। त्यसका लागि दीर्घकालीन लगानी संरचना निर्माण गर्ने सरकारको नीति रहेको उहाँको भनाइ थियो।



काठमाडौँमा आयोजित गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को १२ औँ महाधिवेशन तथा विश्व सम्मेलनको समापन समारोहमा सोमबार प्रधानमन्त्री कार्कीले विश्वभर फैलिएका नेपालीहरू नेपालको सद्भावना दूत रहेको उल्लेख गर्दै उहाँहरूको योगदानको प्रशंसा गर्नुभयो। उहाँले गैरआवासीय नेपालीहरूलाई नेपालको विकास र समृद्धिको यात्रामा सक्रिय रूपमा सहभागी हुन आह्वान गर्दै विदेशमा सिकेको ज्ञान, सीप, अनुभव र पुँजीलाई मातृभूमिको विकासमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो। प्रधानमन्त्री कार्कीले हालै सम्पन्न महाधिवेशनबाट सङ्गठनभित्र देखिएको विभाजन अन्त्य भई एउटै मञ्चमा एकता कायम हुनु सकारात्मक भएको बताउनुभयो। उहाँले एकता र सहकार्यबाट मात्रै विश्वभर रहेका नेपालीहरूको साझा भावना बलियो बन्ने धारणा राख्नुभयो। नेपालको संविधानले गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसहितको नागरिकताको व्यवस्था गरेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले यसले प्रवासी नेपाली र मातृभूमिबीचको सम्बन्ध अझ सुदृढ बनाएको बताउनुभयो।

नवनिर्वाचित अध्यक्ष डा हेमराज शर्मासहित सङ्घको नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना दिँदै उहाँले गैरआवासीय नेपालीहरूको योगदान आर्थिक मात्र नभई सामाजिक पुँजी निर्माणमा पनि महत्त्वपूर्ण हुने बताउनुभयो। प्रधानमन्त्री कार्कीले नेपाललाई अवसर युक्त र समृद्ध राष्ट्र बनाउन स्वदेश तथा विदेशमा रहेका सबै नेपालीहरूको सहकार्य, लगानी, ज्ञान र नवप्रवर्तन आवश्यक रहेको धारणा राख्नुभयो। उहाँले यस महाधिवेशनबाट व्यक्त भएको एकता र प्रतिबद्धताले नेपालको विकास र समृद्धिका लागि नयाँ मार्गदर्शन दिने विश्वास व्यक्त गर्नुभयो।

## पोखरामा फोहोर संकलन सुरु, अब नियमित फोहोर उठ्छ: मेयर आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

पोखरामा फेरि फोहोर संकलन कार्य सुरु भएको छ। निर्वाचनको दिन फागुन २१ गतेदेखि स्थगित भएको फोहोर संकलन कार्य पुनः १० दिन पछि आइतबारदेखि सुरु भएको पोखरा महानगरपालिकाले जनाएको छ।



विभिन्न कारणले अवरुद्ध भएको फोहोर व्यवस्थापन प्रक्रिया आइतबारदेखि पुनः सञ्चालनमा ल्याइएको र सोमबार साँझसम्म करिब ३० प्रतिशत फोहोर उठाइसकिएको पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले बताउनु भयो। मेयर आचार्यका अनुसार पोखरामा दैनिक झण्डै २०० टन फोहोर उत्पादन हुने गर्दछ। विगत १० दिनसम्म नियमित संकलन हुन नसक्दा करिब २ हजार टन फोहोर सडक, चोक, पेटी, चौतारा तथा सार्वजनिक स्थलमा थुप्रिएको अनुमान गरिएको छ। तीमध्ये हालसम्म झण्डै ३० प्रतिशत फोहोर संकलन गरिसकिएको र बाँकी फोहोर बुधबारसम्म उठाइसक्ने लक्ष्य महानगरले लिएको उहाँले जनानु भयो। उहाँले भन्नुभयो, "विगत केही दिनदेखि उठाउन नसकिएको फोहोर अहिले पुनः संकलन गर्न सुरु गरिसकेका छौं। बुधबारसम्म सडक क्षेत्रमा थुप्रिएका सबै फोहोर उठाइसक्ने हाम्रो योजना छ। त्यसपछि नियमित रूपमा टोल-टोल तथा घरअगाडि फोहोर संकलन गाडी परिचालन हुनेछ।"

फोहोर व्यवस्थापनका विषयमा देखिएको विवाद र अवरोधले महानगरपालिका माथि दबाब सिर्जना भए पनि अब अल्पकालीन र दीर्घकालीन दुवै प्रकारका समाधानतर्फ अघि बढ्ने सहमति भएको मेयर आचार्यले दाबी गर्नुभयो। उहाँले हालको विषम परिस्थितिमा फोहोर कहाँ र कसरी व्यवस्थापन गरिएको भन्ने विषयमा अनावश्यक प्रश्न नगर्न आग्रह गर्दै वातावरणीय असर नपर्ने गरी अस्थायी व्यवस्थापन गरिएको तर्क गर्नुभयो। साथै, स्थायी समाधानका लागि फोहोर प्रशोधन केन्द्र निर्माणको प्रक्रिया तीव्र रूपमा अघि बढाइने उहाँले स्पष्ट पार्नुभयो। फोहोर व्यवस्थापनका क्रममा केही स्थानमा स्थानीयस्तरबाट अवरोध भए पनि पछि छलफल मार्फत समस्या समाधान गरी पुनः संकलन कार्य अघि बढाइएको महानगरले जनाएको छ। यसबीच महानगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै सडक, चोक, बसपार्क, ताल-पोखरी तथा नदी किनारमा जथाभावी फोहोर नफाल्न नगरवासीलाई आग्रह गरेको छ। तर केही व्यक्तिहरूले सार्वजनिक स्थलमा फोहोर फालिरहँदा सडक पेटी, चौतारा तथा आइल्यान्ड क्षेत्रमा अझै फोहोरका थुप्रा देखिन थालेका छन्।

गर्मी बढ्दै जानु र वर्षा सुरु हुनुले समयमै फोहोर व्यवस्थापन नभए दुर्गन्ध फैलिनुका साथै मानव स्वास्थ्यमा समेत नकारात्मक असर पर्न सक्ने सरोकारवालाहरूले चेतावनी दिएका छन्। महानगरपालिकाले नागरिकलाई अनुशासित रूपमा सहयोग गर्न तथा फोहोर व्यवस्थापनमा सहकार्य गर्न पुनः अपिल गरेको छ।

## मध्यपूर्वको तनावले पर्यटन क्षेत्र मारमा

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

मध्यपूर्वमा जारी युद्धका कारण अन्तरराष्ट्रिय हवाई उडान प्रभावित हुँदा पर्यटकीय राजधानी पोखरामा पर्यटक आगमन घटेको छ। अमेरिका-इजरायल र इरानबीच तनाव बढ्दै जाँदा दोस्रो मुख्य पर्यटकीययाममै पोखरासहित आसपासका गन्तव्यमा चहलपहल घटेको हो।

पोखरा आउने झन्डै ५० प्रतिशत विदेशी पर्यटकले आफ्नो 'बुकिङ' रद्द गरेको ट्रेकिङ ऐजिन्सिज एसोसियसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनुभयो। "मध्यपूर्वका देश भएर नेपाल आउने युरोप-अमेरिकाका पर्यटक हवाई असुरक्षा र उडान रद्द भएका कारण आउन सकेका छैनन्", उहाँले भन्नुभयो, "यही अवस्था लम्बिँदै गएमा कोभिड-१९ महामारीमाजस्तै पर्यटन क्षेत्र ठप्प हुनसक्छ।"

पदयात्रामा आउने विदेशी पर्यटक न्यून हुँदा अन्नपूर्ण संरक्षण क्षेत्रलगायत गन्तव्यस्थल सुनसान बनेको उहाँको भनाइ छ। पदयात्रा पर्यटनका लागि चैत-वैशाखको याम उत्तम मानिन्छ। "यो विदेशी पर्यटक बढी आउने याम हो, यही बेला मध्यपूर्वमा चर्किएको युद्धले आवागमन प्रभावित बनेको छ, पर्यटकले बुकिङ रद्द गरिरहेका छन्", अध्यक्ष आचार्यले भन्नुभयो। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले यस याममा दैनिक तीन हजार पाँच सयदेखि चार हजारसम्म पर्यटक नेपाल भित्रने गरेकामा मध्यपूर्वको तनावपछि एक हजार आठ सयदेखि दुई हजारसम्म मात्र पर्यटक आइरहेको बताउनुभयो। "युरोप, अमेरिकालगायत पश्चिमा मुलुकबाट मध्यपूर्वका देश हुँदै नेपाल आउने पर्यटकको सङ्ख्यामा भारी गिरावट आएको छ", उहाँले भन्नुभयो, "चाँडो युद्ध समाप्त भएर मध्यपूर्वको अवस्था सामान्य नबन्ने हो भने अझै ठूलो सङ्कट नेपालको पर्यटन क्षेत्रमा आउँछ।" मध्यपूर्वमा जारी युद्धका कारण कतार र युएईजस्ता मुख्य 'ट्रान्जिट हब'हरु प्रभावित हुँदा नेपालमा पर्यटक आगामन घटेको प्रमुख लामिछानेले बताउनुभयो। नेपाल आउने पर्यटकमध्ये ७० देखि ७८ प्रतिशत पर्यटक पोखरा आउने गरेका छन्। "पर्यटन बोर्डले पछिल्लो समय दक्षिणपूर्वी एसियाली देशमा पर्यटन प्रवर्द्धनको सोच र योजना बनाइरहेको छ", प्रमुख लामिछानेले भन्नुभयो, "यसले नेपालको पर्यटन बजारलाई अन्तरराष्ट्रिय जगत्मा थप विस्तार गर्छ।" विदेशी मुलुकमा भइरहेको युद्ध र अशान्तिको असर नेपालको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एसईई परीक्षा व्यवस्थित र पारदर्शी बनाउन कार्यशाला आवश्यक : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले माध्यमिक शिक्षा परीक्षा (एसईई) जस्तो महत्वपूर्ण राष्ट्रिय परीक्षालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी ढंगले सञ्चालन गर्न कार्यशालाहरू अत्यन्त महत्वपूर्ण हुने बताएका छन्।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत शिक्षा विकास महाशाखाद्वारा आयोजित दुई दिने "माध्यमिक शिक्षा परीक्षा (एसईई) सञ्चालन तथा व्यवस्थापन सुधार कार्यशाला" कार्यक्रममा उनले यस्तो बताएका हुन्।

मन्त्री थापाले परीक्षा व्यवस्थापनमा संलग्न सरोकारवालाबीच अनुभव आदान-प्रदान, समस्या पहिचान तथा समाधानका उपायबारे गहन छलफल हुने विश्वास व्यक्त गरे।




उनले शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि गर्दै विद्यार्थीमैत्री र व्यवस्थित परीक्षा प्रणाली विकास गर्नु प्रदेश सरकारको प्राथमिकतामा रहेको उल्लेख गरे। "शिक्षाको गुणस्तर सुधार र परीक्षालाई अझ व्यवस्थित बनाउँदै लैजान प्रदेश सरकार प्रतिबद्ध छ" मन्त्री थापाले भने। कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डका निवर्तमान अध्यक्ष डा. महाश्रम शर्माले शिक्षाको क्षेत्रमा गण्डकी प्रदेशले आफ्नो अधिकार अनुसार राम्रो काम गरिरहेको बताए। सूचना, सञ्चार तथा प्रविधिमा आएको परिवर्तनलाई आत्मसात गर्दै परीक्षा प्रणालीलाई अझ व्यवस्थित र अन्तर्राष्ट्रिय स्तरको बनाउन निरन्तर मेहनत गर्नुपर्ने उनले उल्लेख गरे। पारदर्शी, व्यवहारिक र व्यवस्थित व्यवस्थापनबाट परीक्षा प्रणालीमा सुधार ल्याउन सकिने उनको भनाइ थियो। त्यसैगरी, राष्ट्रिय परीक्षा बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख सुभाष पन्तले एसईई परीक्षालाई प्रविधिमैत्री ढंगले व्यवस्थित गर्नतर्फ विशेष ध्यान दिनुपर्ने बताए। शिक्षा विकास महाशाखाका प्रमुख दामोदर सुवेदीले दुई दिने कार्यशालाबाट तयार हुने प्रतिवेदनका आधारमा गण्डकी प्रदेश सरकारले शिक्षामा आफ्नो अधिकार अनुरूपका काम अगाडि बढाउने र आवश्यक विषयमा केन्द्र सरकारलाई समेत सिफारिस गर्ने जानकारी दिए। उनले विद्यार्थीको रजिस्ट्रेसनदेखि प्रमाणपत्र प्राप्त गर्ने समयसम्म देखिने समस्याहरूलाई सम्बोधन गर्ने गरी नीति तथा व्यवस्थापन सुधार गर्नुपर्ने आवश्यकता औंल्याए। उक्त कार्यशालामा शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवाला, शिक्षक, परीक्षा व्यवस्थापनमा संलग्न प्रतिनिधि तथा सम्बन्धित निकायका अधिकारीहरूको सहभागिता रहेको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा २१ औं खुल्ला नेपाल प्याराग्लाइडिङ प्रतियोगिताको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

पाँच वर्षपछि पोखरामा आयोजना हुन लागेको २१ औं संस्करणको खुल्ला नेपाल प्याराग्लाइडिङ च्याम्पियनसिपको तयारी अन्तिम चरणमा पुगेको छ।

नेपाल हवाई खेलकुद संस्था (ना) को आयोजनामा यही चैत ५ देखि ७ गतेसम्म पोखरामा सञ्चालन हुने प्रतियोगिताको अन्तिम तयारी ९० प्रतिशत पूरा भएको सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

तीन दीन चल्ने प्रतियोगितामा नेपालसहित विभिन्न ७ देशका ९० जना प्याराग्लाइडिङ पाइलटले सहभागिताका लागि नाम दर्ता गराइसकेको प्रतियोगिताका संयोजक सुनिलबहादुर भट्टराईले बताउनु भयो । प्रतियोगितामा भारत, चीन, साउदी अरेबिया, उज्वेकिस्तान, इटाली र लेबनानका खेलाडीहरूले पनि सहभागिता जनाउनेछन्।

प्रतियोगिता एक्युरेसी विधामा सञ्चालन गरिनेछ। प्रतियोगिताको टेकअफ स्थल सराङकोट रहनेछ भने फेवाताल किनारस्थित खपौदी क्षेत्रमा ल्याण्डिङ गर्ने तयारी गरिएको नेपाल हवाई खेलकुद संस्थाका अध्यक्ष अनिल केसीले जानकारी दिनुभयो।




प्रतियोगितामा पुरुष र महिलातर्फ एक्युरेसी व्यक्तिगत तथा टिम विधामा प्रतिस्पर्धा हुनेछ। व्यक्तिगततर्फ प्रथम हुने खेलाडीले पुरुष तर्फ १ लाख ५० हजार, द्वितीयले १ लाख र तृतीयले ५० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। टिमतर्फ प्रथम हुने टोलीले ७५ हजार, द्वितीयले ५० हजार र तृतीयले २५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र पाउनेछन् । महिला तर्फ विजेता हुनेले ७५ हजार, उपविजेता हुनेले ५० हजार र तेश्रो हुनेले २५ हजार प्राप्त गर्ने भएको हो।

प्रतियोगिता सञ्चालनका लागि करिब ३० लाख रुपैयाँ लागत लाग्ने अनुमान गरिएको छ। उक्त रकम सदस्य कम्पनीहरू, पाइलटहरू, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, पोखरा महानगरपालिका, प्रदेश खेलकुद परिषद् गण्डकी लगायत विभिन्न संघसंस्था तथा सहभागिता शुल्कबाट संकलन गरीने भएको छ । खेलको सुरक्षालाई प्राथमिकतामा राखिएको टेक्निकल तथा सेफ्टी निर्देशक योगेशबहादुर भट्टराईले बताउनु भयो।

प्रतियोगिताको क्रममा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, उद्धार टोली तथा स्वास्थ्यकर्मी तयारी अवस्थामा रहनेछन् भने मणिपाल शिक्षण अस्पतालको मेडिकल टोली पनि खटाइने उहाँले जनाउनु भयो । सबै सहभागी खेलाडीको अनिवार्य बीमा समेत गरिएको आयोजकले जनाएको छ । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले साहसिक खेल पर्यटनको प्रमुख गन्तव्यका रूपमा पोखरालाई थप प्रवर्द्धन गर्न प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । फेवातालको आकाशमा तीन दिनसम्म चल्ने प्रतियोगिताबाट गण्डकी प्रदेशस्तरीय खेलाडी छनोटसमेत गरिने भएको ना का महासचिव वलराम आचार्यले बताउनु भयो।

कोरोना महामारी र प्रशासनिक कारणले विगत पाँच वर्षदेखि स्थगित रहेको प्रतियोगिता पुनः सञ्चालन हुन लागेसँगै पोखराको साहसिक खेल पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको ना का प्रथम उपाध्यक्ष खेमराज आचार्यले बताउनु भयो।

च्याम्यिनसिपमा मौसमको अवस्था महत्वपूर्ण हुने भएकाले उडान अघि आधिकारिक मौसम पूर्वानुमान अध्ययन गरेर मात्र खेल सञ्चालन हुने आयोजकले जनाएको छ । खेलाडीहरूलाई हावाको दिशा, तापक्रम, थर्मल गतिविधि तथा सम्भावित जोखिमबारे जानकारीसहितको ब्रिफिङ गरिने र कार्यक्रमस्थलमा आवश्यक मात्रामा स्वयंसेवक, आकस्मिक उद्धार टोली सशस्त्र प्रहरी बल र नेपाली सेना मोटरबोटसहित आवश्यक उद्धार उपकरणसहित तैनाथ गरिने अध्यक्ष अनिल केसीले जानकारी दिनुभयो।



आगलागी नियन्त्रण गरिँदः
पोखराको फेवाताल पारी रहेको रानीवनमा सोमबार दिउँसो लागेको आगो निभाउँदै सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी र स्थानीय। आगलागी नियन्त्रणमा आइसकेको छ। तस्बिरः जमुना वर्षा शर्मा/रासस

# असिनाले फलफूल र तरकारी बालीमा क्षति

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

असिनाका कारण पोखराका विभिन्न भू-भागमा तरकारी तथा फलफूल खेतीमा क्षति पुगेको छ।

असिनाका कारण पोखरा महानगरपालिका-१३, १४, २६, ३० लगायतका वडामा तरकारी तथा फलफूल खेतीमा क्षति पुऱ्याएको महानगरपालिकाका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो। सुन्तला, आँप, लिची जस्ता फलफूलमा फूल फुल्न लागेका अवस्थामा आएको असिनाले क्षति बनाएको हो । असिनाले लसुन, प्याज, तरबुजा आदि खेतीमा पनि असर परेको उहाँले बताउनुभयो । बर्सेनि क्षति पुग्ने गरेकाले असिना छेक्ने जाली उपलब्ध गराउनुपर्ने किसानको माग छ। पछिल्ला वर्षमा असिना छेक्ने जालीको प्रयोगलाई बढाउँदै लगिएको शाखा प्रमुख कडरियाले बताउनुभयो। महानगरपालिकाले हालसम्म करिब ५०० थान जाली ५० प्रतिशत अनुदानमा किसानलाई उपलब्ध गराइसकेको उहाँको भनाइ छ। कृषि बिमातर्फको आकर्षण पनि बिस्तारै बढ्दै गएको उल्लेख गर्दै उहाँले तरबुजा खेती गर्ने किसानले कृषि बिमा गरेको पाइएको उहाँले बताउनुभयो । असिना, हावाहुरीलगायत प्रकृतिजन्य प्रकोपका कारण बर्सेनि किसान समस्यामा पर्ने गरेका अगुवा किसान रमेश अचार्य बताउनुहुन्छ।

# एनआरएनए विश्व सम्मेलनको घोषणापत्र: लगानी, श्रमिक सुरक्षा र एकतामा जोड

**रासस**
काठमाडौं, २ चैत

'हाम्रो एकता, समृद्धिको आधार' भन्ने मूल नारासहित आयोजित गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को १२औँ विश्व सम्मेलन तथा बृहत् अन्तरराष्ट्रिय एकता महाधिवेशन सम्पन्न भएको छ। सम्मेलनले नेपालको विकासमा प्रवासी नेपालीको लगानी, श्रमिक अधिकार र संस्थागत एकतालाई प्राथमिकतामा राख्दै १२ बुँदे घोषणापत्र जारी गरेको छ।

फागुन ३० देखि चैत आजसम्म (१४-१६ मार्च ) काठमाडौँमा भएको सम्मेलनले विश्वभर छरिएका नेपाली समुदायलाई नेपालको समृद्धि, विकास तथा विश्वव्यापी रूपमा रहेका नेपालीको हित प्रवर्द्धनका लागि एकताबद्ध भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ।

सम्मेलनले नेपालमा गैरआवासीय नेपालीहरूको लगानी भित्र्याउन कानुनी तथा नीतिगत सुधार गर्दै सहज वातावरण बनाउन सरकारसँग आग्रह गरेको छ । सम्मेलनले रोजगारी सिर्जना, उद्यमशीलता विकास तथा भौतिक पूर्वाधार निर्माणमा प्रवासी नेपालीको लगानीलाई प्रोत्साहन गर्ने प्रतिबद्धता जनाएको छ । घोषणापत्रमा गैरआवासीय नेपालीको लगानी व्यवस्थापनका लागि छुट्टै निकाय स्थापना, बैंक खाता खोल्ने र लगानी फिर्ता लैजान सहज व्यवस्था गर्न सम्बन्धित ऐन तथा नियमावली संशोधन गर्न सरकारसँग माग गरिएको छ । सम्मेलनले मध्यपूर्वको पछिल्लो अवस्थाप्रति चिन्ता व्यक्त गर्दै सङ्कटमा परेका नेपालीको उद्धार, राहत र पुनःस्थापनामा नेपाल सरकार तथा अन्तरराष्ट्रिय निकायसँग सहकार्य सुदृढ गर्ने जनाएको छ।

यसैगरी, विश्वका विभिन्न देशमा कार्यरत नेपाली श्रमिकहरूको सुरक्षा, अधिकार र सम्मानजनक रोजगारी सुनिश्चित गर्न सम्बन्धित देश, अन्तरराष्ट्रिय संस्था तथा नेपाल सरकारसँग सहकार्य गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ।

घोषणापत्रमा प्रवासमा जन्मिएका दोस्रो पुस्ताका युवालाई नेपाली भाषा, संस्कृति र इतिहाससँग जोड्न शिक्षा, सांस्कृतिक कार्यक्रम तथा डिजिटल माध्यममार्फत पहल गरिने उल्लेख छ । सम्मेलनले जलविद्युत्, कृषि, पर्यटन, सूचना प्रविधि तथा नवप्रवर्तनमूलक उद्योगमा गैरआवासीय नेपालीको लगानी प्रवर्द्धन गर्दै लगानीमैत्री वातावरण निर्माणका लागि नेपाल सरकारसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएको छ।

यसैगरी, विश्वभर रहेका नेपालीहरूको ज्ञान, अनुभव र पुँजीलाई मातृभूमिसँग जोड्दै समृद्ध, समावेशी र आत्मनिर्भर नेपाल निर्माणमा योगदान गर्ने सामूहिक सङ्कल्प पनि गरिएको छ । सम्मेलनमा चार हजार २८६ प्रतिनिधि सहभागी भएका थिए। तीमध्ये चार सयभन्दा बढी प्रतिनिधि काठमाडौँमा भौतिक र बाँकी प्रतिनिधि अनलाइनमार्फत सहभागी भएका आयोजकले जनाएको छ।

# पोखरा रात्रि दौडको हस्पिटल पार्टनरमा मेडिप्लस

**पोखरापत्र संवाददाता**
पोखरा, २ चैत

पोखराको रानीपौवामा रहेको मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टरले यही चैत २८ गते पोखरामा आयोजना हुने पोखरा रात्रिदौड प्रतियोगिता-२०८३ मा हस्पिटल पार्टनरका रूपमा सहयोग गर्ने भएको छ।

मेडिप्लस हस्पिटलका प्रमुख सञ्चालन अधिकृत प्रकाश वि.क. र प्रतियोगिता संयोजक दीननाथ बरालले उक्त सम्झौतापत्रमा हस्ताक्षर गरे । सम्झौताअनुसार प्रतियोगिता सफल बनाउन हस्पिटलले निःशुल्क एम्बुलेन्स सेवासहित आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने र आयोजकलेप्रतियोगिताअवधिभर हस्पिटललाई आधिकारिक ' हस्पिटल पार्टनर'का रूपमा समावेश गर्ने सहमति भएको हो । यसका साथै हस्पिटलले प्रतियोगिताको खुलातर्फको तेस्रो पुरस्कार नगद पाँचहजार रुपैयाँ पनि सहयोग गर्ने पोखरा क्लिकका व्यवस्थापक सागर सुनारले जानकारी दिए।

विगत सात वर्षदेखि स्वास्थ्य सेवा प्रदान गर्दै आएको उक्त हस्पिटलमा जनरल मेडिसिन, हाडजोर्नी, महिला रोग, नाक-कान-घाँटी, मानसिक रोग, बाल रोग, मुटु रोग तथा क्यान्सरलगायतका रोगको




विशेषज्ञ चिकित्सकबाट उपचार सेवा उपलब्ध रहेको प्रमुख सञ्चालन अधिकृत वि.क. बताउँछन् । हस्पिटलमा सामाजिक सुरक्षा कोष तथा भारतीय भूतपूर्व सैनिकहरूको योगदानमा आधारित (ईसिएचएस) उपचार सेवा पनि सञ्चालनमा रहेकोसमेत वि.कले जानकारी दिए। पोखरा क्लिक र पोखरा प्रवर्द्धन केन्द्रको आयोजनामा पोखरा महानगरपालिका वडा नम्बर ९ को समन्वयमा पोखरामा पहिलो पटक रात्रिदौड प्रतियोगिता सञ्चालन हुने भएको हो। प्रतियोगितामा खुलातर्फ प्रथम हुनेलाई १५ हजार, द्वितीय हुनेलाई १० हजार र तृतीय हुनेलाई पाँचहजार रुपैयाँ नगद, मेडल तथा प्रमाणपत्र र महिला, विद्यार्थी (यू-१६) र विदेशीधावकतर्फकाविजेतालाई प्रोत्साहन पुरस्कार प्रदान गरिने प्रतियोगिताका प्राविधिक ओम गुरुङ बताउँछन् । खेल पर्यटनका माध्यमबाट पोखराको पर्वद्धनका लागि क्रियाशील रहेका दुई संस्था पोखरा क्लिक र पोखरा पर्वद्धन केन्द्रले यसअघि पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिताका दुई संस्करण सफलतापूर्वक सम्पन्न गरिसकेका छन् । अङ्ग्रेजी नयाँ वर्षलाई लक्षित पर्यटन पवर्द्धनात्मक कार्यक्रमका तुलनामा नेपाली नयाँ वर्षमा पर्वद्धनात्मक कार्यक्रम कम भएकाले "जाग्छ पोखरा, दौडाउँछ पोखरा" भन्ने अवधारणामा रात्रि दौड आयोजना गर्न लागिएको पोखरा पर्वद्धन केन्द्रका उपाध्यक्ष असफल गौतम बताउँछन्।

पाँच किलोमिटर दूरीको उक्त दौड बाराही घाटबाट सुरु भई लेकसाइड, पोखराका प्रमुख नगरी क्षेत्र, न्यूरोड, महेन्द्रपुल हुँदै झण्डा पार्क (फल्चा) मा पुगेर समापन हुने भएको छ । रात्रिकालीन दौडमार्फत् पोखराको पर्यटन, सांस्कृतिक सौन्दर्य र खेलकुद गतिविधिलाई एकैसाथ प्रवर्द्धन गरी पर्यटकीय राजधानी पोखरालाई खेल पर्यटनको प्रमुख गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य रहेको छ।

## मध्यपूर्वको ...

पर्यटन क्षेत्रमा पनि पर्ने भएकाले नयाँ ढङ्गले पर्यटन प्रवर्द्धनको योजना बनाउनुपर्ने उहाँको भनाइ छ। 'दा भिन्ची' टुर्स एन्ड ट्राभल्सका प्रमुख कार्यकारी अधिकृत राजु थापाले नेपाललाई हवाई मार्गबाट जोड्ने कतार, युएई, कुवेतलगायत देशको हवाई उडान प्रभावित हुँदा नेपाल आउने पर्यटकलगायत सर्वसाधारण समस्या परेको बताउनुभयो। "असुरक्षाका कारण धमाधम उडानहरु रद्द भइरहेका छन्, वैकल्पिक हवाई मार्ग प्रयोग गर्दा महँगो शुल्क तिनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो । नेपाल आउने अधिकांश पर्यटक र यात्रुले 'प्रि-बुकिङ' रद्द गरेको प्रमुख कार्यकारी अधिकृत थापाले बताउनुभयो । युरोप, अमेरिकालगायत पश्चिमा देशबाट नेपाल आएका पर्यटकलाई सम्बन्धित देशमा फर्किन कठिन भइरहेको उहाँको भनाइ छ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।

◆सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
◆विविधतामा एकताको भावना विकास गरौं,
◆जातीय, धार्मिक तथा क्षेत्रीय विभेद् त्यागौं,
◆चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
◆घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
◆संवाद, सहकार्य बढाऔं,
◆आपसी समझदारी कायम गरौं,
◆ शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।

विविधतामा एकता, सद्भाव र सहिष्णुता

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा भगन्दर सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ। - विदुरनीति

सम्पादकीय

# गैरआवासीय नेपालीलाई देश निर्माणमा लगाउने अवसर

गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२औं विश्व सम्मेलन सम्पन्न भएको छ। दुईवटा समितिलाई भंग गरेर अन्तर्राष्ट्रिय एकता महाधिवेशनले सर्वसम्मत समिति गठन गरेको छ। सम्मेलनले नेपालको विकासमा प्रवासी नेपालीको लगानी, श्रमिक अधिकार र संस्थागत एकतालाई प्राथमिकतामा राख्दै १२ बुँदे घोषणापत्र जारी गरेको छ। अधिवेशनमा देखिने गुटबन्दीले दुई समिति गठन गर्ने काम अन्त्य भएको छ। सम्मेलनमा आउँदा उत्साहित हुनेहरू फर्कँदा निराश हुने अवस्था हटाउनु नै सफलता मान्नुपर्छ।

सम्मेलनले विश्वभर छरिएका नेपाली समुदायलाई नेपालको समृद्धि, विकास तथा विश्वव्यापी रूपमा रहेका नेपालीको हित प्रवर्द्धनका लागि एकताबद्ध भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ। सम्मेलनले नेपालमा गैरआवासीय नेपालीहरूको लगानी भित्र्याउन कानुनी तथा नीतिगत सुधार गर्दै सहज वातावरण बनाउन सरकारसँग आग्रह गरेको छ। रोजगारी सिर्जना, उद्यमशीलता विकास तथा भौतिक पूर्वाधार निर्माणमा प्रवासी नेपालीको लगानीलाई प्रोत्साहन गर्ने प्रतिबद्धता गरिएको छ। नेपालमा दुई तिहाइ बहुमतको सरकार बन्न लागेको हुँदा लगानी भित्र्याउन पनि नीतिगत सुधार आवश्यक छात्यसका लागि उपयुक्त समय होोगैरआवासीय नेपालीलाई लगानी गर्न र रोजगारी सृजना गर्ने वातावरण सरकारले बनाउनुपर्छ।

घोषणापत्रमा गैरआवासीय नेपालीको लगानी व्यवस्थापनका लागि छुट्टै निकाय स्थापना, बैंक खाता खोल्ने र लगानी फिर्ता लैजान सहज व्यवस्था गर्न सम्बन्धित ऐन तथा नियमावली संशोधन गर्न सरकारसँग माग गरिएको छ। सम्मेलनले मध्यपूर्वको पछिल्लो अवस्थाप्रति चिन्ता व्यक्त गर्दै संकटमा परेका नेपालीको उद्धार, राहत र पुनःस्थापनामा नेपाल सरकार तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य सुदृढ गर्ने जनाएको छ। नेपाल फर्कन चाहनेलाई ल्याउन र उद्धारमा सघाउन पनि गैरआवासीय नेपालीको सहयोग आवश्यक छ। यसैगरी, विश्वका विभिन्न देशमा कार्यरत नेपाली श्रमिकहरूको सुरक्षा, अधिकार र सम्मानजनक रोजगारी सुनिश्चित गर्न सम्बन्धित देश, अन्तर्राष्ट्रिय संस्था तथा नेपाल सरकारसँग सहकार्य गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ।

घोषणापत्रमा प्रवासमा जन्मिएका दोस्रो पुस्ताका युवालाई नेपाली भाषा, संस्कृति र इतिहाससँग जोड्न शिक्षा, सांस्कृतिक कार्यक्रम तथा डिजिटल माध्यममार्फत पहल गरिने उल्लेख छ। भाषा, संस्कृति र इतिहास बिर्से आफ्नो पहिचान हराउँछ। नयाँ पुस्तालाई भाषा, संस्कृति र इतिहास बुझाउन विभिन्न माध्यमबाट जोडिनु पर्छ भन्ने स्वागतयोग्य पहल हुनेछ। सम्मेलनले जलविद्युत्, कृषि, पर्यटन, सूचना प्रविधि तथा नवप्रवर्तनमूलक उद्योगमा गैरआवासीय नेपालीको लगानी प्रवर्द्धन गर्दै लगानीमैत्री वातावरण निर्माणका लागि नेपाल सरकारसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएको छ।

यसैगरी, विश्वभर रहेका नेपालीहरूको ज्ञान, अनुभव र पुँजीलाई मातृभूमिसँग जोड्दै समृद्ध, समावेशी र आत्मनिर्भर नेपाल निर्माणमा योगदान गर्ने सामूहिक संकल्प पनि गरिएको छ। सम्मेलनले गरेको संकल्प कार्यान्वयन गर्न बनेको समितिसँग सरकारले अभिभावक बनेर काम गर्न सकेमा देशको नव निर्माणमा योगदान पुग्नेछ।

# कांग्रेस विशेष महाधिवेशनबाट निर्वाचित समितिको विवरण संविधान एवं कानुनअनुसार

रासस

काठमाडौं, २ चैत

निर्वाचन आयोगले नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका पदाधिकारी एवं सदस्यहरूको विवरण आयोगको अभिलेखमा अद्यावधिक गर्दा नेपालको संविधान एवं कानुनबमोजिम गरिएको स्पष्ट पारेको छ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईद्वारा आज जारी विज्ञप्तिमा आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र सम्बन्धित दलको विधान एवं अन्य प्रचलित कानुनबमोजिम गरेको निर्णयको विषयलाई सार्वजनिक सञ्चारमाध्यममा अन्यथा अर्थ लगाई टिप्पणी गरिएकाप्रति ध्यानाकर्षण भएको जनाइएको छ।

निर्णयमा चित्त नबुझेको पक्षले कानुनी उपचार खोज्ने अधिकारबमोजिम यस विषयमा सम्मानित सर्वोच्च अदालतमा परेको रिट निवेदनलाई सम्मान गरेको र आयोगको निर्णयउपर सम्मानित सर्वोच्च अदालतबाट परीक्षण हुने आयोगले जनाएको छ। संवैधानिक निकायले गरेको निर्णय र अदालतमा विचाराधीन विषयमा कानुनका मान्यसिद्धान्त, कानुनी व्यवस्था र मानवीय मर्यादालाई समेत ख्याल नगरी सार्वजनिक सञ्चारमाध्यमबाट निराधार टीकाटिप्पणी नगर्न नगराउन आयोगले सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराएको छ।

आयोगको कानुनप्रतिको निष्ठा र यसले सम्पादन गरेका काम कारबाहीका विषयमा आएका कपोलकल्पित एवं निराधार विषयमा विश्वास नगर्न पनि सरोकार भएका सबैमा आयोगले अनुरोध गरेको छ। कान्तिपुर टेलिभिजनमा आइतबार प्रसारित सरोकार कार्यक्रममा राजनीतिक दलका जिम्मेवार व्यक्तिबाट आयोग र कार्यवाहक प्रमुख निर्वाचन आयुक्तलाई जोडेर गरिएका टिप्पणीप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ। आयोग कानुनी शासनमा सदैव पूर्ण विश्वास गर्ने भएकाले यसले गर्ने हरेक काम नेपालको संविधान र प्रचलित कानुनबमोजिम सम्पादन हुँदै स्पष्ट पारिएको छ।

# लामिछानेको रिट 'हेदर्हिदै' मा मङ्गलबार सुनुवाइ हुने

रासस

काठमाडौं, २ चैत

सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्धको सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधसम्बन्धी मुद्दा फिर्ता गर्ने निर्णयविरुद्धको रिट निवेदन आज हेर्न नभ्याएपछि 'हेदर्हिदै'मा मङ्गलबार सुनुवाइ गर्ने भएको छ।

न्यायाधीशद्वय सारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासमा आइतबारदेखि सुनुवाइ सुरु भएको थियो। आज पनि सुनुवाइ नसकिएकाले हेदर्हिदैमा मङ्गलबार सुनुवाइ हुने सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो।

यसअघि, सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको संयुक्त इजलासले उक्त निवेदनलाई नियमित सुनुवाइ गर्न यही चैत १ गतेका लागि पेस गर्न आदेश दिएको थियो।

महान्यायाधिवक्ता सविता भण्डारी बरालले लामिछानेविरुद्ध अघिल्लो सरकारको पालामा लगाइएका सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधका मुद्दा फिर्ता गर्ने निर्णय गर्नुभएको थियो। उक्त निर्णयविरुद्ध युवराज पौडेल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीले सर्वोच्च अदालतमा छुट्टाछुट्टै रिट निवेदन दायर गर्नुभएको थियो।

# पृथ्वी राजमार्गमा 'ओभर लोड' बोक्ने सवारी चालक धमाधम कारबाहीमा

रासस

काठमाडौं, २ चैत

पृथ्वी राजमार्गमा पछिल्लो समय सवारी अनुशासन कायम गराउन र सडक दुर्घटना न्यूनीकरण गर्न प्रहरीले विशेष सक्रियता देखाएको छ।

विशेषगरी क्षमताभन्दा बढी र असुरक्षित तवरले सामान ढुवानी गर्ने अर्थात् 'ओभर लोड' बोकेका सवारीसाधनका कारण जोखिम बढेपछि जिल्ला ट्राफिक प्रहरी कार्यालयले अनुगमनमा कडाइ गरेको हो।

गजुरी क्षेत्रबाट मात्र दैनिक २० भन्दा बढी सवारी चालक कारबाहीमा पर्ने गरेका छन्। आज बिहान गजुरी गाउँपालिकास्थित घाटबेँसी नजिकै भएको सवारी जाँचमा नियमविपरीत ओभर लोड बोक्ने १५ भन्दा धेरै सवारी चालकलाई जरिवाना गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक शिशिर थापाले जानकारी दिनुभयो।

थापाका अनुसार सवारीको अवस्था ठिक नभएका, नम्बर प्लेट छोपिने गरी सामान लोड गरेका र असुरक्षित रूपमा सामान बोकेका सवारी चालकलाई कारबाहीको दायरामा ल्याइएको हो।

यातायात व्यवस्था ऐनअनुसार तोकिएको भन्दा बढी भार बोक्न वा सवारीको 'बडी'भन्दा बाहिर सामान निकाल्न पाइँदैन। यस्तो कसुर गर्ने सवारीलाई ट्राफिक प्रहरीले घटनास्थलमै जरिवाना गर्न सक्ने प्रावधान छ। पटकपटक गल्ती दोहोऱ्याएमा चालकको अनुमतिपत्र नै निलम्बनसम्मको गर्न सकिने व्यवस्था छ।

# स्याङ्जामा ग्यास पसलहरु अनुगमन

पोखरापत्र संवाददाता

स्याङ्जा, २ चैत



जिल्ला प्रशासन कार्यालय स्याङ्जाले बजारमा खाना पकाउने ग्याँसको कृत्रिम अभाव हुन नदिन बजार अनुगमन गरेको छ। मध्यपुर्वी मुलुकमा युद्ध चलिरहेका बेला नेपालमा खाना पकाउने ग्याँसको अभाव हुन थालेको खबर आउन थालेपछि जिल्ला प्रशासनको अगुवाईमा बजार अनुगमन गरिएको हो।

बजारमा खाना पकाउने ग्याँसको कृत्रिम अभाव सिर्जना गरी उपभोक्ता ठग्ने, कालो बजारी बढ्न सक्ने बिषयलाई मध्य नजर गरेर जिल्लाका प्रमुख व्यपारीक शहरहरुमा ग्याँस डिलर र पसलहरुमा अनुगमन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी प्रेम सुवेदीले बताए।

सहायक प्रजिअ सुवेदीका अनुसार जिल्लाका पुतलीबजार, राङ्खोला, हेलु, वयरघारी, वालिङ, बायटारी, गल्याङ लगायतका बजारहरुमा अनुगमन गरिएको छ। सहायक प्रजिअ सुवेदीको नेतृत्वमा खटिएको एकीकृत टोलीले बुधबार दिनभर ग्याँस वितरणको अवस्था, मौज्दात र मूल्यका विषयमा स्थलगत जाँच गरेको बताइएको छ। ग्याँसको अभाव हुन थालेको खबरहरु आउन थालेपछि स्याङ्जाका बजारक्षेत्रमा अनुगमन गरेका थियौं सहायक प्रजिअ सुवेदीले भने,'समाचारमा आएजस्तो स्याङ्जामा ग्याँसको अभाव देखिएन।' बजार समान्य र सबै ठिक अवस्थामा रहेकाले उपभोक्ताहरु ग्याँस पाइदैन की भन्ने चिन्ता मान्नु पर्दै सुवेदीले भने।

ग्याँस बिक्रेतालाई अबदेखी ग्याँस बिक्रि गर्दा उपभोक्ताको नाम र मोवाइल नम्बर राखेर बिक्रि गर्न सुझाएको टोलीले जनाएको छ। सबै पालिकाहरुलाई पनि प्रशासनले पत्राचार गरेर ग्याँसको अवस्थाका बारेमा जानकारी लिन र अनुगमन गर्न निर्देशन दिएको सहाहयक प्रजिअ सुवेदीले बताए। उपभोक्ताहरुले पनि ग्याँस अभाव हुन्छ भन्ने डरमा आवश्यकता भन्दा बढी किनेर घरमा नराख्न सुवेदीले सुझाएका छन्।

अनुगमनका क्रममा टोलीले ग्याँस सिलिन्डरको परिमाण, तोकिएको तौल भए नभएको र बिक्री वितरण गर्दा अनिवार्य रूपमा बिलबिजक जारी गरिएको छ कि छैन भन्ने विषयमा सुक्ष्म अनुसन्धान गरेको उपभोक्त मन्च स्याङ्जाका अध्यक्ष राजेन्द्र मरासिनीले जानकारी दिए। नियमविपरीत कारोबार गर्ने र प्रक्रिया नपुऱ्याएका केही ग्याँस डिलरलाई सुझाउने काम गरिएको र व्यापारिक आचारसंहितामा रहेर बिक्रि वितरण गर्न सचेत गराइएको मारासिनीले बताए।

अनुगमन टोलीमा सहायक प्रजिअ सुवेदीको नेतृत्वमा एकिकृत सेवा कार्यालय स्याङ्जा, उपभोक्ता मञ्च स्याङ्जा, जिल्ला प्रहरी कार्यालय स्याङ्जा लगायतको सहभागितामा अनुगमन गरिएको थियो। उपभोक्ताको हित संरक्षणलाई पहिलो प्राथमिकतामा राखेर बजारमा कृत्रिम अभाव सिर्जना गर्ने वा महँगोमा बेच्ने जस्ता गैरकानुनी कार्य रोक्न प्रशासनले नियमित रूपमा अनुगमन जारी राख्ने प्रशासनले जनाएको छ।

खाद्य समाग्री देखी ग्याँसको कृत्रिम अभाव देखाएर कालो बजारी गर्ने व्यवसायीलाई कारवाही समेत टोलीले बताएको छ। उपभोक्ताहरु पनि सचेत भएर खरीद विक्रिमा लाग्न प्रशासनले सुझाएको छ।

# मूल्य स्थिर नहुँदासम्म 'कन्स्ट्रक्सन होलिडे' घोषणाको माग

रासस

काठमाडौं, २ चैत

नेपाल निर्माण व्यवसायी महासङ्घले निर्माण सामग्रीमा मूल्य स्थिर नहुँदासम्म 'कन्स्ट्रक्सन होलिडे' घोषणा गर्न सरकारसँग आग्रह गरेको छ।

मध्यपूर्व र पश्चिम एसियामा देखिएको युद्धका कारण देखाउँदै निर्माण उद्योगमा अत्यधिक प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेललगायतका इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउँदै महासङ्घले यस्तो माग अगाडि सारेको हो।

महासङ्घका महासचिव रोशन दाहालद्वारा आज जारी विज्ञप्तिमा भनिएको छ,"धमाधम निर्माण कार्य हुने सिजनमा इन्धनलगायत सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिले निर्माण व्यवसायीहरूलाई ठूलो आर्थिक भार पर्नुका साथै पूर्वाधार खर्च बढ्न गई नेपाल सरकारका सार्वजनिक निकायहरूलाई नै आर्थिक बोझ थपिने निश्चित छ। त्यसैले मूल्यवृद्धि स्थिर नभएसम्म सम्पूर्ण आयोजनाको निर्माण कार्य हाललाई स्थगित गर्न महासङ्घ बाध्य हुने व्यहोरा समेत अवगत गराउँदछौं।"

एकातिर बजारमा निर्माण सामग्रीको मूल्यवृद्धि हुने र अर्कोतर्फ राष्ट्रबैंकबाट जारी हुने मूल्य सूचकाङ्क वास्तविक नहुने भएकाले मूल्य स्थिर नहुँदासम्मको लागि सरकारको तर्फबाट नै 'कन्स्ट्रक्सन होलिडे' घोषणा गर्न महासङ्घले अनुरोध गरेको हो। इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिबाहेक हाले निर्वाचनको मौका पारेर नेपालमा सीमित आयातकर्ताहरूले 'कार्टेलिङ' गर्दै सडक निर्माणमा प्रयोग हुने बिटुमिनको पनि कृत्रिम अभाव सिर्जना गरी आर्थिक समस्यामा पारेको महासङ्घको दाबी छ।

सडक कालोपत्र सुरु भएपछि बिटुमिनको अभाव हुँदा कालोपत्र गर्न ठिक्क पारिएको सडकमा थप क्षति हुने सम्भावना प्रबल भएको र 'बुकिङ' गर्दाको मूल्यभन्दा हाल प्रतिलिटर रु ४० सम्म मूल्यवृद्धि हुँदा निर्माण व्यवसायीहरू दोहोरो पीडामा परेका महासङ्घको धारणा छ।

पछिल्लो समय भारतले बिटुमिनको निर्यात बन्द गरेका कारण मुलुकको निर्माण उद्योग थप प्रताडित भएको विज्ञप्तिमा उल्लेख छ। "निर्वाचनकै माहोलबीच सीमित उद्योगीहरूले फलामे डन्डी र सिमेन्टमा पनि मूल्यवृद्धि गर्दा सरकारी पूर्वाधार मात्र होइन निजी क्षेत्रको पूर्वाधारमा पनि ठूलो आर्थिक भार थपिएको छ", विज्ञप्तिमा भनिएको छ,"हाल फलामे डन्डी प्रतिकेजी रु ८५ बाट रु १०० र सिमेण्टमा प्रतिबोरा रु ५० सम्म मूल्यवृद्धि भएको छ। सीमित उद्योगीहरूले मूल्यवृद्धिसँगै कार्टेलिङ गरी उत्पादनमा समेत कटौती गरेकाले भुक्तानी अभावलगायतका कारण अत्यन्त सकसमा रहेको निर्माण उद्योग थप समस्याग्रस्त भएको छ।" सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार प्रत्येक आयोजनामा मूल्यवृद्धि भएअनुरुप मूल्य समायोजनको व्यवस्था गर्न महासङ्घले विज्ञप्तिमार्फत सरकारका सम्बन्धित निकायसमक्ष माग गरेको छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : आर्थिक समस्या |
| वृष | : मानसिक तनाव | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : व्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : कार्यमा सफलता |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २, जयमुल मार्गमा कुलो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्होरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः शेराकुलो स्तरोन्नति उपभोक्ता समिति

ठेगानाः पोखरा-२

योजना सम्झौता मिति : २०८२/१०/२५ गते

योजना सुरु हुने मितिः २०८२/१०/२७ गते

योजना सम्पन्न हुने मितिः २०८२/१२/२८ गते

योजनाको कुल लागतः रु. २२,००,०००।-

महानगरपालिकाबाटः रु. २०,००,०००।-

जनसहभागिताबाटः रु. २,००,०००।-

उपभोक्ता समिति अध्यक्षः उमनाथ तिमिल्सिना

उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ४ पुरुषः ५ जना

**शेराकुलो स्तरोन्नति उपभोक्ता समिति**

**पोखरा-२**

# म्याग्दीको रणवाङ-दरवाङ खण्डको सडक अलपत्र

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ चैत

म्याग्दीको बेनी-दरबाङ सडक आयोजनाअन्तर्गत तेस्रो (रणवाङ-दरवाङ) खण्ड अलपत्र बनेको छ ।

रणनीतिक महत्वको बेनी-दरवाङ सडकको मङ्गला गाउँपालिका-२ रणवाङदेखि मालिकाको केन्द्र दरवाङ जोड्ने आठ किलोमिटर सडक स्तरोन्तित दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित छ वर्षअघि आयोजना सुरु भएको थियो । विसं २०७६ जेठ ३१ गते निर्माण कम्पनी बिरुवा-क्याराभान र पूर्वाधार विकास कार्यालय म्याग्दीबीच रु २२ करोड ५७ लाख ९३२ मा ठेक्का सम्झौता भएको थियो । विसं २०७८ जेठमा सकिनुपर्ने योजनाको हालसम्म भौतिक प्रगति ८७ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

रणवाङ-तोलावाङ खण्डमा गत वर्ष तीन किलोमिटर ३०० मिटर दूरीमा डिबिएसडी प्रविधिको कालोपत्र भएको थियो । ढाडखर्क, दरबाङ बजारमा पर्खाल, नाली तयार पार्ने कार्य अन्तिम चरणमा पुगेको छ । गत असार महिनायता सडक निर्माणको काम भएको छैन ।

यही चैत महिनासम्म ठेक्काको म्याद रहेको योजनाका ठेकेदारलाई काममा फर्कन लिखित र मौखिक रूपमा पटक-पटक ताकेता गरिएको पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख सिनियर डिभिजनल इन्जिनियर डा महेन्द्र बानियाँले बताउनुभयो । म्याग्दीको ‘लाइफलाइन’ मानिएको बेनी-दरवाङ सडक निर्माणमा भएको ढिलाइले यात्रुलाई सास्ती, दुर्घटनाको जोखिम र यातायात सञ्चालनमा असहज भएको छ । दुर्घटनाको जोखिम बढ्नाका साथै धुलोका कारण स्थानीयलाई सास्ती भएको यातायात व्यवसायी जीवन केसीले बताउनुभयो ।

गण्डकी प्रदेश सरकारको ‘एक निर्वाचन क्षेत्र एक सडक’ कार्यक्रमअन्तर्गतको यो सडक आयोजनामा ठेकेदारले निर्माण सामग्रीको व्यवस्थापन, मजदुर र उपकरण परिचालन गर्न नसक्दा सडक निर्माणमा ढिलाइ भएको स्थानीयवासीको गुनासो छ ।

निर्माण कम्पनी बिरुवा-क्याराभानका सञ्चालक चन्द्र थकालीले नदीजन्य निर्माण सामग्रीको अभाव, पर्याप्त बजेट विनियोजन नहुनु, सम्झौता लगत्तै कोरोना महामारी, विपद् लगायत कारणले ढिलाइ भएको बताउनुभयो । एक-दुई दिनमै मजदुर र उपकरण ल्याएर आउन लागेको थकालीले बताउनुभयो । अबको एक महिनाभित्र बाँकी काम सम्पन्न गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो । बाङ्गेपहिरो प्रभावित सडकलाई ठेक्काबाट हटाइएको छ ।

पहिरो बाहेकका ठाउँमा सडक फराकिलो बनाएर नाली र पर्खाल निर्माण सकिएको छ । गत आर्थिक वर्षमा रु एक करोड ५० लाख विनियोजन भएको यस योजनाका लागि प्रदेश सरकारले थप रु एक करोड ५० लाख रकमान्तर गरेर भुक्तानी गरेको थियो । चालु आर्थिक वर्षमा रु दुई करोड ५० लाख विनियोजन भएको छ । म्याग्दीमा यो आयोजनामा सबैभन्दा धेरै बजेट विनियोजन भए पनि आर्थिक वर्षको आठ महिनासम्म वित्तीय प्रगति शून्य छ ।

मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने २४ किमी दूरीको बेनी-दरवाङ सडक विसं २०६३ मा मार्ग खुलेको थियो । बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि प्रयोग गर्ने मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प भएकाले यसलाई रणनीति महत्त्वका रूपमा मानिएको हो ।

बेनीबाट सिमसम्म १२ दशमलव पाँच किमी चार वर्षअघि कालोपत्र भएको थियो । सिम-पानाबगर खण्डको चार किमी २०८१ जेठमा काम सकिएको छ । गण्डकी प्रदेशसभाका सांसद रेशम जुग्जालीले सहजीरण र समन्वय गरे पनि निर्माण कम्पनीले विभिन्न बहाना बनाएर सडक कालोपत्र गर्न ढिलाइ गरेको बताउनुभयो । “आर्थिक वर्ष २०८०/०८१ मा काम सम्पन्न गर्न पुग्ने गरी रु पाँच करोड विनियोजन गर्दा ठेकेदारले काम गरेन,” उहाँले भन्नुभयो, “गत वर्ष विनियोजन भएको बजेट नपुगेपछि रकमान्तर गरेर भुक्तानीको व्यवस्था मिलाएका थियौँ ।” यस वर्ष विनियोजन भएको बजेट अपुग भएमा थप बजेट व्यवस्थाका लागि सरकारसँग पहल गर्ने प्रतिबद्धता जनाउँदै उहाँले निर्माण व्यवसायीले अधुरा कामलाई चाँडो पूर्णता दिनुपर्ने बताउनुभयो ।

# धार्मिक पर्यटनको केन्द्र बन्दै ‘कण्ठदेवी मन्दिर’

**वासुदेव पौडेल**
गण्डकी, २ चैत/रासस

कास्कीको पोखरा महानगरपालिका-३३ भोटेपोखरीस्थित कण्ठदेवी मन्दिर धार्मिक पर्यटनको केन्द्र बनेको छ । हिम शृङ्खलाको मनमोहक दृश्य हेर्न सकिने भोटेपोखरी टाकुरोमा रहेको यस मन्दिरको धार्मिक रुपमा जति महत्व छ त्यति नै यसले ऐतिहासिक महत्त्व पनि बोकेको छ ।

मन्दिर स्थापनाको मिति यकिन नभएपनि मन्दिरका सम्बन्धमा प्राप्त किंवदन्ती, प्रमाण समेतका आधारमा करिब १६९ वर्षअघि स्थापना भएको हुनसक्ने अनुमान गरिएको अनुसन्धाता डा अशोक थापाले बताउनुभयो । थापाका अनुसार कण्ठदेवी मन्दिरको इतिहास राणा प्रधानमन्त्री जङ्गबहादुरसँग पनि जोडिएको छ । विसं १९१३ साउन २४ गते तत्कालीन श्री ५ सुरेन्द्र वीरविक्रम शाहले दरबारबाट एक ऐतिहासिक घोषणामार्फत जङ्गबहादुरलाई कास्की र लमजुङ राज्यका श्री ३ महाराज पद दिएका थिए । उक्त घोषणसँगै जंगबहादुर श्री ३ जङ्गबहादुर कुँवर राणाजीका रुपमा चिनिएका थिए ।

उहाँको बुबाले सुनाएको कथा उद्धृत गर्दै थापाले भन्नुभयो, “जङ्गबहादुर तत्कालीन समयमा स्याङ्जा-नुवाकोट राज्यतर्फको यात्रामा यस क्षेत्रमा पर्ने राजाको चौतारो, लामगादी, भञ्ज्याङ हुँदै भोटेपोखरी उक्लन्थे । त्यही यात्रामा उनी भोटेपोखरी मन्दिर नजिकको ढुङ्गाको अग्लो छेउमा आफ्नो घोडालाई बाँधेर निगालोको घाँस खुवाएर आराम गराउँथे र कण्ठदेवीको दर्शन गरेर उनी भर्तीपोखरा, कृस्ती हुँदै मड्किखानको बाटो भएर स्याङ्जा नुवाकोट हिँड्थे ।”



यस मन्दिरको नाम कण्ठदेवी राखिएका सम्बन्धमा विभिन्न तथ्यहरू प्राप्त भएको उहाँले बताउनुभयो । अनुसन्धानकै क्रममा यस सम्बन्धमा इतिहासविद् डा.जगमान गुरुङसँग आँफूले केही महत्वपूर्ण तथ्यहरू जानकारी लिएको उहाँले बताउनुभयो । शिव पुराणमा नीलकण्ठ महादेवले समुद्र मन्थनको विष पिएर ब्रह्माण्डको रक्षा गरे, उनी नीलो गलाको प्रतीक बनेको र त्यही कण्ठको स्मरण स्वरूप, देवी पार्वतीको यो रूपलाई ‘कण्ठदेवी’ भनिएको हुनसक्ने इतिहासविद् डा जगमान गुरुङको तर्क रहेको उहाँले बताउनुभयो । अर्को तर्कमा ‘कण्ठ’ भनेको स्वरको प्रतीक पनि हो । स्वरकी देवी सरस्वती हुन् । भोटेपोखरीमा ऐतिहासिक विद्यालयको स्थापना हुनु अगाडि नै यो मन्दिर थियो । भोटेपोखरीको निजकै विद्यालय रहेको र विद्याकी देवीसँग यो मन्दिर जोडिएको हुनाले दुर्गा र सरस्वती-शक्तिको मूर्त रूप र ज्ञानको प्रकाश एउटै थलोमा मिसिएर यसको नाम कण्ठदेवी भएको हुनसक्ने गुरुङले जानकारी गराउनुभएको थापाको भनाइ छ ।

इतिहासको साक्षीका रुपमा रहेको यस मन्दिरको संरक्षण र विकासका लागि स्थानीयवासीले प्रयास जारी राखेका छन् । कण्ठदेवी मन्दिर संरक्षण समितिका अध्यक्ष दीपविक्रम चन्दका अनुसार पछिल्ला समयमा यसको संरक्षण र विकासलाई उच्च प्राथमिकतामा राखिएको छ । मन्दिरको विशेष गरी लाखु छहरा ठूलो बन खहरे खरबारी उपभोक्ता समितिमार्फत संरक्षणका काम हुँदै आएका छन् । मन्दिर परिसरमा रहेका काली नाग, सेती नाग, भयँर, अयँर, देउराली देवी, भैरव, श्रीकृष्ण आदिका शिला र थान रहनुले यहाँको धार्मिक महत्वलाई अझै उजागर गरेको स्थानीयवासी बताउँछन् । विभिन्न महत्वपूर्ण तिथिमिति एवं चाडपर्वमा स्थानीयले कण्ठदेवीको पूजाआजा गर्दै आएका छन् । यस मन्दिर दर्शन गरेमा मनले चिताएको पुग्ने विश्वासका कारण यहाँको महिमा र गरिमा अझै चुलिएको स्थानीयवासीको तर्क छ । मनोरम भूभागमा रहेका कारण यस स्थललाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने गरी पूर्वाधार विकासका काम अघि बढाइएको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा यहाँ जाने मार्ग हनुमान पोखरीदेखि माथि केही भागमा सिँढी बाटो निर्माण गरिसकिएको छ । त्यस्तै मन्दिर परिसर क्षेत्रमा नै खेल पर्यटनको विकास गराउने लक्ष्यका साथ बाँस्केटबल कोर्ट निर्माण गरिसकिएको छ । यहाँस्थित कण्ठदेवी मन्दिरलाई धार्मिक पर्यटनको गन्तव्यका रुपमा विकास गर्दै स्वदेशी एवं विदेशी पर्यटक आकर्षित गर्न सकिने तल्लो गगनगौडा निवासी मुकुन्द घिमिरे बताउनुहुन्छ । पोखरा-३० को पावरहाउस क्षेत्रबाट कण्ठदेवी मन्दिरलाई समेट्दै एक दिवशीय हाइकिङ मार्ग विकास गर्न सकिने उहाँले बताउनुभयो ।

“पावर हाउसबाट हाइकिङ सुरु गरेर तिक्लाङको सुन गुफा अवलोकन गर्दै पर्यटकहरू यहाँका खैरेनी, हनुमान पोखरी हुँदै कण्ठदेवी मन्दिर पुग्न सक्छन्”, उहाँले भन्नुभयो, “उत्तरतर्फका मनोरम हिमाली दृश्य अवलोकन गर्दै हिँड्न सकिने यो गन्तव्य एक दिवशीय हाइकिङका लागि अति उपयुक्त देखिन्छ ।” कण्ठदेवी मन्दिर हुँदै पर्यटकहरू यहाँभन्दा माथि रहेको हुडिकोटसम्म हाइकिङ गरेर पुग्न सक्ने उहाँले बताउनुभयो ।

# आँबुखैरेनीद्वारा सात लाखको छात्रवृत्ति वितरण

**पोखरापत्र संवाददाता**
दमौली, २ चैत

तनहुँको आँबुखैरेनी गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमअनुसार कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई रु सात लाख ५० हजार बराबरको छात्रवृत्ति प्रदान गरेको छ ।

गाउँपालिकाले ७५ विद्यार्थीलाई सो छात्रवृत्ति वितरण गरेको हो । रामशाह माध्यमिक विद्यालयका ४०, मित्रता माध्यमिक विद्यालयका ३० तथा अन्य स्थानमा अध्ययनरत पाँच विद्यार्थीलाई प्रतिविद्यार्थी रु १० हजारका दरले छात्रवृत्ति उपलब्ध गराएको प्रमुख प्रशासकीय अधिकृत शर्मिला अधिकारीले जानकारी दिनुभयो । शिक्षा क्षेत्रको विकास गाउँपालिकाको प्रमुख प्राथमिकतामा रहेको उहाँले बताउनुभयो । विद्यार्थीलाई अध्ययनमा थप उत्साह मिलोस् भन्ने उद्देश्यले छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको अधिकृत अधिकारीले बताउनुभयो । आर्थिक अभावका कारण कुनै पनि विद्यार्थीको पढाइ प्रभावित नहोस् भन्ने सोचका साथ यस्ता कार्यक्रमलाई निरन्तरता दिइएको उहाँको भनाइ छ ।

# अब राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा

**रासस**
काठमाडौं, २ चैत

राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा उपलब्ध हुने भएको छ ।

स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा कृष्णप्रसाद पौडेल र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरेबीच आज राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा प्रवाह गर्ने विषयमा समझदारीपत्रमा हस्ताक्षर भएको हो । बोर्डका सूचना अधिकारी विकेश मल्लले समझदारीअनुसार राष्ट्रिय परिचयपत्र नम्बरमार्फत नागरिकको पहिचान डिजिटल रूपमा प्रमाणीकरण गरी स्वास्थ्य बीमा प्रणालीलाई अझ सुरक्षित, छिटो, विश्वसनीय बनाइने बाउनुभयो । “अहिलेको सम्झौताअनुसार बोर्ड र विभागको तथ्याङ्कलाई एकीकृत गर्नेछौँ”, उहाँले भन्नुभयो, “त्यसपछि हामीले राष्ट्रिय परिचयपत्रका आधारमा स्वास्थ्य बीमा सेवा प्रवाह गर्नेछौँ ।” उहाँले आगामी चैत २५ गतेदेखि राष्ट्रिय परिचयपत्रका आधारका दर्ता र नवीकरण हुने बताउनुभयो । स्वास्थ्य बीमा बोर्डमा अहिले एक करोड दुई लाख बिमित आबद्ध रहेका छन् । अहिले नागरिकता र चालक अनुमतिपत्रका आधारमा स्वास्थ्य बीमा गर्ने गरिएको छ । सूचना अधिकारी मल्लले राष्ट्रिय परिचयपत्रले बीमा दर्ता, नवीकरण तथा सेवा प्राप्त प्रक्रियालाई सरल बनाउँदै तथ्याङ्क एकीकरण, दोहोरो दर्ता नियन्त्रण र सेवा प्रवाहलाई प्रभावकारी बनाइने बताउनुभयो ।

# आयोगद्वारा समानुपातिकतर्फ निर्वाचित सांसदको नाम सार्वजनिक

**रासस**
काठमाडौं, २ चैत

निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फ कानुनअनुसार तोकिएको ‘क्लष्टर’बमोजिम निर्वाचित ११० सांसदको सूची सार्वजनिक गरेको छ ।

सार्वजनिक सूचीअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट समानुपातिक निर्वाचन प्रणालीतर्फ ५७ सांसद निर्वाचित भएका छन् । यसैगरी नेपाली कांग्रेसबाट २०, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) बाट १६, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट नौ, श्रम संस्कृति पार्टी र राप्रपाले चार/चार जना सांसद निर्वाचित भएको आयोगका सचिव एवं समानुपातिकतर्फका निर्वाचन अधिकृत कृष्णबहादुर राउतले सोमबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । गत फागुन २१ गतेको निर्वाचनमा समानुपातिकतर्फ एक करोड १२ लाख ८० हजार ६१७ मतदान भएकामा एक करोड आठ लाख ३५ हजार २५ मत सदर भएका थिए ।

# प्राकृतिक उपचारका लागि सिंगा तातोपानी

**रासस**
म्याग्दी, २ चैत

कपिलबस्तुको बाणगङ्गा नगरपालिका-४ का रामलाल चालिसे प्राकृतिक उपचारका लागि म्याग्दीको सिङ्गा तातोपानी कुण्डमा यसपाली दोस्रो पटक आउनुभएको छ । “यसअघि तातोपानीमा प्राकृतिक उपचार गराएपछि निको भएको ग्यास्ट्रिकको समस्या दोहोरिन नदिन यसपाली पनि आएको हो,” उहाँले भन्नुभयो “तातोपानीमा शरीर डुबाउने र पानी सेवन गर्नाले स्वास्थ्यलाई फाइदा गरेको महसुस गरेको छु ।”



धवलागिरि गाउँपालिका-३ मुनाका बुद्धिमान पुन छालासम्बन्धी समस्याको उपचारका लागि तातोपानी कुण्डमा आएका आइतबार छ दिन भयो । सुक्खा दिनको तुलनामा स्वास्थ्यमा सुधार हुँदै गएको उहाँले अनुभव बताउनुभयो । चितवनको भरतपुरकी चमेली घर्ती क्षेत्री पछिल्लो दशवर्षयता नियमित रुपमा वर्षको एक हप्ता तातोपानी कुण्डमा प्राकृतिक उपचारका लागि आउने गर्नुहुन्छ । “खाना नरुच्ने, अपच हुने, ढाड दुख्ने समस्या निको भएकाले हरेक वर्ष तातोपानी डुब्न आउने गरेकी छु,” उहाँले भन्नुभयो “तातोपानीमा प्राकृतिक उपचार गराउँदा अस्पताल जानआउन लाग्ने समय र औषधि किन्दा हुने खर्चको बचत भएको छ ।”

चालिसे, पुन र घर्तीक्षेत्री जस्तै धेरै सर्वसाधारणको लागि तातोपानी कुण्ड वरदान बनेको छ । वार्षिक २० हजारजना भन्दा बढी नेपालका ७७ वटै जिल्ला र विदेशबाटसमेत सर्वसाधारण प्राकृतिक उपचारका लागि आउने गरेका सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका सचिव कुमार केसीले बताउनुभयो । “म्याग्दी नदीको किनारमा प्राकृतिक रुपमा बिरेनूनको गन्ध आउने ५० डिग्री सेल्सियस तापक्रममा निस्कने तातोपानीलाई सङ्कलन गरेको पोखरीमा स्नानको व्यवस्था मिलाइएको छ,” उहाँले भन्नुभयो “बिरेनूनको गन्ध आउने पानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, बाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वास छ ।” महिला र पुरुषको लागि स्नानका लागि फरक/फरक समय तालिका बनाइएको छ । तातोपानीमा स्नान गर्दा एक जनाको रोग अर्कामा नसर्ने सचिव केसीले बताउनुभयो । एक पटकमा दुई सय ५० जना स्नान गर्न मिल्ने पोखरी रहेको छ । छोटो समय स्नान गर्नेहरुका लागि अर्को पोखरी बनाइएको छ । एकान्तमा स्नान गर्नेहरुका लागि उपल्लो बजार नजिकै अर्को पोखरी पनि सञ्चालनमा ल्याइएको छ । कुण्डमा स्नान गरेपछि बाक्लो कपडाले बेरेर शरीरलाई न्यानो बनाउने गरिन्छ । पोखरीमा स्नानका साथै तातोपानी सेवन पनि गर्ने चलन छ ।

हिजोआज दैनिक एक हजार दुई सय जनाले तातोपानी कुण्डमा स्नान गरिरहेका सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका सदस्य मीना जुग्जाली गर्बुजाले बताउनुभयो । “बिहान ५:३० देखि साँझ ५ः३० बजेसम्म महिला र पुरुषको छ वटा समूह बनाएर स्नानको व्यवस्था मिलाइएका छौं,” उहाँले भन्नुभयो “ असोज-कात्तिक, मङ्सिर, पुस, माघ, फागुन, चैत र वैशाख महिना तातोपानी कुण्डमा स्नान गर्ने याम हो ।” चुनावका कारण फागुन महिनामा तातोपानी स्नान गर्न आउनेहरुको सङ्ख्या कम भएको थियो । चुनावलगत्तै तातोपानीमा चहलपहल र चाप बढेको छ । १० दिन स्नान गर्न प्रतिव्यक्ति रु तीन सय ५० शुल्क तिर्नुपर्छ । प्रवेश शुल्कको १३ प्रतिशत सरकारलाई कर र २५ प्रतिशत बेनी नगरपालिकालाई बुझाउने गरिएको छ । गत वर्ष नेपालका ६६ वटा जिल्लाका साथै कोरीया, पोल्याड, युक्रेन, स्कटल्याड, रसिया, जापान र भारतका २० हजार ३४७ जना बिरामी तातोपानी कुण्डमा स्नानका लागि आएका थिए । आर्थिक वर्ष २०८०/८१ मा १९ हजार ४०३ र २०७९/०८० मा १८ हजार जनाले स्नान गरेका थिए । तातोपानी कुण्डमा स्नानका लागि देशका विभिन्न ठाउँबाट आएका पाहुनाहरुले त्यहाँका होटल र होमस्टे भरिएका छन् । होटल व्यवसायी समिति तातोपानीका अध्यक्ष सीता घलेले होटल र घरबासका कोठा भरिभराउ भएका बताउनुभयो । “साना ठूला २० वटा होटल छन्,” उहाँले भन्नुभयो “घरको कोठा र ग्यास भाडामा लिएर पाहुनाले आफै पकाएर खाने र बस्न पनि मिल्छ ।” म्याग्दी नदीको असला माछा तातोपानीको विशेष परिकार हो ।